# अफवाह र तथ्य बुलेटिन

संस्करण १

## यो खोप सुरक्षित छैन र एलर्जी भएका व्यक्तिहरूमा यो प्रयोग गर्न सुरक्षित छैन ।

कोभिशिल्ड/एस्ट्राजेनेका खोप सुरक्षित छ। सुरक्षासम्बन्धमा चिन्ता गर्नुपर्ने यसको कुनै उल्लेखनीय पक्ष छैन र ज्वरो आउने र दुःखाई हुने जस्ता साधारण दुष्प्रभाव खोप लगाएपछि सामान्य हो ।

विगतमा गम्भीर एलर्जिक रियाक्सन अनुभव गरेका व्यक्तिहरुले कुनै पनि खोप लगाउनु अघि चिकित्सकको परामर्श लिनुपर्छ । यो खोपको पहिलो डोज अर्थात मात्रा लगाएपछि एलर्जिक रियाक्सन हुने व्यक्तिले चिकित्सकको परामर्श लिनुपर्छ, र चिकित्सकले सो एलर्जिक रियाक्सन सोही खोप वा त्यसका अन्तर्वस्तुका कारण भएको निर्धारण गरेमा दोस्रो मात्रा लिनु हुँदैन ।

१८ बर्षमूनिका बालबालिकाले यो खोप लगाउनु हुँदैन किनभने यो उमेर समुहमा यस खोपको प्रभावबारे अनुसन्धान भइरहेको छ ।

## कोभिडको खोपले मानसिक स्वास्थ्य समस्या निम्त्याउँछ ।

यो सुरक्षित छ । यो खोप विश्वविख्यात अक्सफोर्ड विश्वविद्यायल र एस्ट्राजेनेकाले गहिरो अनुसन्धानपछि विकास गरेका हुन् ।धैरै चरणको प्रभावकारी परीक्षणपछि मात्र यसले प्रयोगका लागि अनुमति पाएको हो ।

## यो खोपको तेस्रो चरणको परीक्षण पूरा भएको छैन।

तेस्रो चरणको परीक्षणका निष्कर्षहरु प्रकाशित भइसकेका छन् र यो सार्वजनिक रुपमा उपलब्ध छ । पहिलो देखि तेस्रो चरणको परीक्षणका सबै तथ्याङ्कको विस्तृत पुनरावलोकन पछि मात्र यसलाई अनुमोदन गरिएको हो ।

## यो खोपमा भिटामिन र हरमोंन्स् मात्र छ, एन्टीबडिज छैन ।

खोपमा एउटा भाइरल भेक्टर समावेश गरिएको छ, जसले कोभिड–१९ निम्त्याउने सार्स–सिओभी–२ विरुद्ध एन्टीबडि र इम्यून सेल उत्पादन गर्न मानव प्रतिरक्षा प्रणालीलाई सक्रिय गराउँछ ।

## खोप लगाएपछि पक्कै पनि त्यसको दीर्घकालीन असर पर्छ ।

अन्य खोपहरू सरह, कोभिड–१९ विरुद्धको खोप लगाएपछि पनि विभिन्न सामान्य प्रभावहरू देखापर्नसक्छ । यसमा खोप लगाएको ठाउँमा सुन्निने, दुख्ने वा रातो हुने, टाउको दुख्ने, ज्वरो आउने, शरीर दुख्ने, थकान वा अल्छीपना महसुस हुने, रिङ्गटा लाग्ने, जोर्नी र मांशपेशीहरू दुख्ने, वान्ता हुने आदि पर्छन् । यी सबै सामान्य हुन् र केही समयपछि कम भएर जान्छन् ।

नेपालसहित विभिन्न देशहरुमा गरिएको यस खोपको परीक्षण र परिचालनका प्रारम्भिक निष्कर्षहरुमा सुरक्षाका सम्बन्धमा कुनै खास चिन्ताको विषय देखापरेको छैन । यसको दीर्घकालीन प्रभावबारे सुनिश्चित हुन परीक्षणमा सहभागी हुने व्यक्तिहरुमाथि लामो समयसम्म निगरानी गरिनेछ । यद्यपि, अहिलेसम्मका विभिन्न क्लिनिकल परीक्षणहरुमा यो खोप सुरक्षित रहेको पाइएको छ ।

स्रोत : विश्व स्वास्थ्य सङ्गठन

**थप प्रश्न तथा जिज्ञासाहरूका लागि सम्पर्क :**
हटलाईन नम्बरहरू :
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
१११५, ११३३, १०९२

UNITED NATIONS NEPAL